प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/०२
(बेलुका ५:०० बजे)

### ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ६९८, चितवनमा १९१, भक्तपुरमा ८४, ललितपुरमा ७९, मकवानपुरमा ३०, काभ्रेपलान्चोकमा १२, धादिङमा ९, रामेछापमा ६, नुवाकोटमा ६, सिन्धुपाल्चोकमा ३, दोलखामा १ र सिन्धुलीमा १ गरी जम्मा ११२० जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाडौं-२७ निवासी ८८ बर्षिय पुरुषको भाद्र ३१ गते राती ९:०० बजे पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । मृगौला तथा उच्च रक्तचापले ग्रसिन उहाँलाई ज्वरो आएपछि भाद्र १७ गते स्वाब नमुना संकलन गरि परिक्षण गर्दा सोहि दिन कोरोना पुष्टी भएको । काठमाडौं-५, हाडीगाउँ निवासी ८५ वर्षिया महिलाको असोज १ गते बिहान ९:०० बजे ओम अस्पताल, चावहिलमा निधन भएको छ । दमको बिरामी समेत हुनुभएकी उहाँलाई श्वासप्रश्वासको समस्या भई भाद्र २५ गते अस्पताल भर्ना गरिएको र भाद्र २८ गते कोरोना पुष्टी भएको हो । मध्यपुर थिमी-५, भक्तपुर निवासी ८२ वर्षिय पुरुषको असोज १ गते साझ ५:१५ बजे चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान, वीर अस्पतालमा निधन भएको छ । निमोनिया, मधुमेह, उच्च रक्तचाप तथा श्वासप्रश्वासको समस्या भई भाद्र २६ गते अस्पताल भर्ना हुनुभएका उहाँको भाद्र २३ गते स्वाब नमुना संकलन गरि परिक्षण गर्दा भाद्र २३ गते कोरोना पुष्टी भएको हो ।

- ललितपुर-६, सुन्धारा निवासी ६६ वर्षिया महिलाको असोज १ गते बिहान ८:३५ बजे नेपाल क्यान्सर अस्पताल तथा रिसर्च सेन्टर, हरिसिद्धि, ललितपुरमा निधन भएको छ । क्यान्सरको उपचाररत उहाँलाई भाद्र २५ गते अस्पताल भर्ना गरी भाद्र २६ गते कोरोना पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

### ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब बत्तीस प्रतिशत (३१.५६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ६१५९३ (१००%) | १९४४२ (१००%) |
| निको भएको | ४३८२० (७१.२%) | ९७७१ (५०.३%)* |
| उपचाररत | १७३८३ (२८.२%) | ९५३९ (४९.०%)* |
| मृत्यु भएको | ३९० (०.६%) | १३२ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०२ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०२ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ४९३ जना बस्दै आउनुभएको र १३२६ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१६५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७३० जना (होम आइसोलेसन सहित) बस्दै आउनुभएको छ । आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ८२४५७ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ६९८ | १२४४३ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ७९ | १४२८ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १२९ | ७३८८ | ८४ | १२७७ |
| रसुवा | २५५ | ६ | ० | ३५ | १ | ८५२ | ० | २० |
| नुवाकोट | ९५३ | ३७ | १३ | ४० | ११ | ४२३१ | ६ | १३५ |
| धादिङ | ३१५ | १० | २० | १०४ | ३० | ३१०० | ९ | ३५८ |
| चितवन | २४६५ | ७३ | ४७१ | ३५५ | ९३० | १५७७९ | १९१ | १६७४ |
| सिन्धुली | ३९२ | ४० | १६ | ४३ | २ | २६९६ | १ | १०३ |
| मकवानपुर | ४०७ | १२ | ४ | २४५ | १५३ | ८३०७ | ३० | १२११ |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | ६ | १२७ |
| दोलखा | १९३ | ६ | ६ | ४४ | ८ | २०६८ | १ | १११ |
| काभ्रेपलान्चोक | ८९२ | ५५ | १३२ | १७८ | ६८ | ४२५९ | १२ | ४१७ |
| सिन्धुपाल्चोक | ७८९ | ३९ | १०३ | ५६ | ४ | ३६२५ | ३ | १३८ |
| जम्मा | ८६७७ | ४९३ | १३२६ | ३१६५ | ३७३० | ८२४५७ | ११२० | १९४४२ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २३०५३ | १२७ | १७६ | ४४ जना: मकवानपुर-२४, बारा-१, फलोअप-१९ | १३२ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४७९७ | १७६ | २१३ | ११ जना: काभ्रेपलान्चोक-७, भक्तपुर-२, सिन्धुली-१, फलोअप-१ | २०२ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०१

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०१

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई